REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 24.04.2024

---

- <u>Training on PMJVK Portal</u>

भारत सरकारको अल्पसंख्यक मामिला मन्त्रालयअन्तर्गत प्रधानमन्त्री जन विकास कार्यक्रमको एक भागको रूपमा PMJVK पोर्टल तथा जिओ ट्यागिङमाथि समीक्षा सभा तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको छ। गान्तोकस्थित एउटा होटलमा आजदेखि शुरू भएको दुई दिवसीय कार्यक्रमको समापन भोली हुनेछ।

अल्पसंख्यक मामिला मन्त्रालयद्वारा आयोजित अनि सामाजिक कल्याण विभागले सुविधा प्रदान गरेको यस कार्यक्रमको अध्यक्षता भारत सरकारको अल्पसंख्यक मन्त्रालयका सचिव श्री श्रीनिवास कार्तिकीथलाले गर्नुभयो।

श्री कार्तिकीथलाले आफ्नो सम्बोधनमा नविन्तम विचार, सहयोगात्मक साझेदारी, कार्यात्मक रणनीति आदिका लागि मञ्चको स्थापना विषयमाथि बोल्दै साझा प्रतिबद्धता मार्फत उत्कृष्ट अभ्यासहरूको आग्रह गर्नुभयो, जसले समाजमा सकारात्मक परिवर्तनका लागि मार्ग प्रशस्त गर्ने लक्ष्य राख्दछ।

बैठकको प्राथमिक उद्देश्य PMJVK-अन्तर्गत भौतिक र वित्तीय प्रगति कार्यको समीक्षा गर्नु अनि बैठकमा भाग लिने राज्य प्रतिनिधिहरूबीच विचारको आदान-प्रदानका लागि मूल्यवान अन्तरदृष्टि अनि मञ्च प्रदान गर्नु हो। यसको लक्ष्य सर्वोत्तम प्रथाहरूको पत्तो लगाउनु हो, जसले समुदायमा सकारात्मक परिवर्तनलाई प्राथमिकता दिन लोक सेवकहरूको क्षमता बढ़ाउन सकोस्।

तेलेङगाना सरकारकी सचिव श्रीमती A असरथखानमले यस मन्त्रालयअन्तर्गतका अल्पसंख्यक आवासीय विद्यालयहरूको उत्कृष्ट अभ्यासबारे प्रकाश पार्नुभयो। उहाँले ज्ञान, सीप र मूल्यमान्यता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने नमुना प्रस्तुत गर्नुभयो। यसअतिरिक्त उहाँले तेलेङगाना सरकारसित प्रभावकारी ढङ्गमा सहयोग पुऱ्याउने व्यावसायिक प्रशिक्षण संस्थानहरूबारे पनि प्रकाश पार्नुभयो।

श्री कार्तिकीथलाले हिजो सामाजिक कल्याण विभागकी सचिव श्रीमती सारिका प्रधान तथा उहाँको टोलीको साथमा PMJVK कार्यस्थलहरूमा चालू कामको प्रगतिको निरीक्षण गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Postal Ballot

सोरेङ जिल्ला प्रशासनिक केन्द्रले आज हुलाक कार्यालय, सोरेङबाट सेवा मतदाताहरूको दुईवटा मतपत्र प्राप्त गरेको छ। यी मतपत्र जिल्ला प्रशासनिक केन्द्रका अधिकारीगण र विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्ट प्रतिनिधिहरूको उपस्थितिबीच सोरेङका हुलाक कार्यालय अधिकारीले नोडल अधिकारी एवं जिल्ला योजना अधिकारी सुश्री रजनी पेगालाई हस्तान्तरण गर्नुभयो।

यी मतपत्र निर्वाचन आयोगको नियमअनुसार निर्वाचन क्षेत्र र मितिअनुरूप छुट्याउनका साथै यहाँ स्थापित नियन्त्रण कक्षमा राखेर मोहरबन्द गरियो।

--------------------------------------X--------------------------------------

- Air Force

भारतीय वायु सेनाले डिजीलकर मञ्चसित मिलेर एउटा परिवर्तनकारी डिजिटल यात्राको शुरूवात गरेको छ। डिजीलकरसित मिलेर यस पहलअन्तर्गत अग्निवीर वायु भर्तीसहित वायु सेनाको विभिन्न प्रक्रियाहरूमा शामेल उम्मेदवारहरूको शैक्षणिक दस्तावेजहरूको डिजिटल रूपमा सत्यापन हुनेछ। वायु सेना तथा इलेक्ट्रोनिक्स एवं सूचना प्रौद्योगिकी मन्त्रालयले डिजीलकरको सुरक्षित र सुलभ दस्तावेज भण्डार सेवाहरूको लाभ उठाउनका लागि नयाँ दिल्लीमा एउटा समझौता ज्ञापनमा हस्ताक्षर गरेको छ।

--------------------------------------X--------------------------------------

- Strong Room Inspection

सिक्किमका मुख्य निर्वाचन अधिकारी श्री D आनन्दनले हिजो गेजिङ जिल्लाको क्योङसास्थित नियन्त्रण कक्षको निरीक्षण गर्नुभयो। यसअवसरमा उहाँको साथमा जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्री M भरनी कुमार, उप जिल्ला निर्वाचन अधिकारी एवं अतिरिक्त जिल्लाधीश श्री खेमराज भट्टराई, पुलिस अधिक्षक श्री J जयपाण्डिया र महकुमा अधिकारी सुश्री त्रिसाङ तामाङ हुनुहुन्थ्यो।

यहाँ आइपुग्नासाथै श्री आनन्दनले नियन्त्रण कक्षमा उपलब्ध सुविधाको परीक्षण गर्नुभयो, जहाँ चुनाउ प्रक्रियाभरि पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उम्मेदवार र उहाँहरूका अधिकृत प्रतिनिधिहरूद्वारा हेर्नका लागि यो कक्षको लाइभ फिड सातै दिन अनि चौबीसै घण्टा उपलब्ध गरिएको छ।

उहाँले यहाँ तैनाथ भारत-तिब्बत सीमा पुलिसका सुरक्षाकर्मीहरूसित अन्तरक्रिया गर्नुभयो अनि यस परिसरमा सुरक्षा कायम गर्नमा रहेको उनीहरूको समर्पणको प्रशंसा गर्नुभयो। यसपछि श्री आनन्दनले सुरक्षित साथ इलेक्ट्रोनिक भोटिङ मसिन (EVM)-हरू राखिएको नियन्त्रण कक्षमा सुरक्षा व्यवस्थाको जाँच गर्दै नियमको कड़ाइका साथ पालन गरिएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो।

उहाँले नियमित रूपमा CCTV सामग्रीको निगरानी गर्न स्थापित नियन्त्रण कक्षको पनि निरीक्षण गर्नुभयो। मुख्य निर्वाचन अधिकारीले जिल्ला निर्वाचन अधिकारीलाई IT शाखाले समग्र सुरक्षा उपायलाई अनिवार्य रूपमा बढ़ाउँदै CCTV-को दैनिक फुटेजको ब्याकप राख्ने प्रणाली लागू गरेको सुनिश्चित गर्ने निर्देश पनि दिनुभएको छ।

श्री आनन्दनले विधानसभा समष्टि र संसदीय समष्टिको मतगणनाका निम्ति निर्धारित कक्षको निरीक्षण गर्दै समयबद्ध, सहज र प्रभावकारी प्रक्रिया सुनिश्चित गर्न मतगणना प्रक्रियालाई थप सहज बनाउने बहुमूल्य सुझाउ दिनुभयो।

--------------------------------------X--------------------------------------

- EVM Segregation

जिल्ला प्रशासनिक केन्द्र, नाम्चीस्थित नियन्त्रण कक्षमा राखिएका C र D वर्गका EVM मसिनहरू छुट्याइएको छ।

नाम्चीकी जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्रीमती अन्नापूर्ण आलेको निगरानीमा हिजो जिल्ला प्रशासनिक केन्द्रका अधिकारीगण एवं राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितिबीच यो कार्य सम्पन्न भयो।

जिल्लाधीशको उपस्थितिबीच मोहरबन्द गरिएको यो कक्ष साते दिन अनि चौबीसै घण्टा सेनाहरूको निगरानीमा हुनेछ।

--------------------------------------X--------------------------------------